# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, भाद्र ९ गते २०७९ साल ( संख्या १५

## भाग २

**हल्दीबारी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाको मिति २०७९/०५/०९ गतेको बैठक द्वारा स्वीकृत मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १५

# हल्दीबारी गाउँपालीका सुरक्षित प्रसुति प्रोत्साहन मापदण्ड, २०७९

**प्रस्तावनाः** नेपालको संविधानमा भएको मौलिक हकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवालाई कार्यान्वयन गर्न र दिगो विकासको लक्ष्य प्राप्त गर्ने अभिप्रायले मातृ तथा शिशु मृत्युदर घटाउनुका साथै उच्चतम शारिरीक, मानसिक स्वास्थ्य अवस्था वृद्धि गर्नको लागि सुरक्षित मातृ तथा शिशु स्याहार गर्न अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि लगानी गर्न जरुरी भएको हुँदा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्न स्वस्थ आमा शिशु र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याई स्वस्थ समाज निर्माण गर्नका साथै "**स्वस्थ आमा स्वस्थ शिशु स्वस्थ परिवार दिगो विकासको मूल आधार**" भन्ने हल्दीबारी गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न सुरक्षित प्रसुति प्रोत्साहन मापदण्ड, २०७९ कार्यपालिकाको मिति २०७९।०५।०९ गतेको बैठकको निर्णय अनुसार स्वीकृत गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो मापदण्डको नाम "**हल्दीबारी गाउँपालिका सुरक्षित प्रसुति प्रोत्साहन मापदण्ड,२०७९**" रहने छ ।

(ख)यो मापदण्ड कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा

(क) "लक्षित वर्ग" भन्नाले गर्भवती भए देखि सुत्केरी भएको ४५ दिन भित्रको आमा र वच्चा तथा "सुनौलो हजार दिन" भन्नाले २४ महिना भित्रका बालबालिकालाई सम्झनु पर्नेछ र हल्दीबारी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(ख) "सुरक्षित प्रसुति प्रोत्साहन कार्यक्रम" भन्नाले हल्दीबारी गाउँपालिका भित्र सुत्केरी भएका महिलालाई उत्प्रेरणा र पोषण स्थितिमा आमा र बच्चाको

स्वस्थ्य सुधार गर्नका लागि हल्दीबारी गाउँपालिकाले ल्याएको महिला र बालबालिका कार्यक्रम सम्झनुपर्नेछ।

(ग) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनु पर्नेछ।

(घ) "प्रोटोकल" भन्नाले गर्भवती आमा बच्चालाई स्वास्थ र स्वास्थ्य सेवा उपभोग गर्न तपशिल अनुसारको कार्यलाई सम्झनु पर्छ ।

- स्वास्थ्य संस्थामा ८ पटक गर्भवती जाचँ गरेको
- स्वास्थ्य संस्थामा प्रसूती गराएको
- उत्तर प्रसूती जाँच ३ पटक सम्म गराएको

(ङ) सुत्केरी स्याहार प्रोत्साहन पोषण कार्यक्रम ल्याउनुको मुख्य उद्देश्य आमा र बच्चालाई गुणस्तरीय स्वास्थ्य सेवा लिनु, असल पारिवारिक वातावरणमा पोषणयुक्त खाद्य वस्तु उपभोग गर्नु, स्वस्थ खानेपानी, सरसफाई, पोषण, गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्नु, सुरक्षित प्रसुति सेवा लिनु, आमा र शिशुको मृत्युदरमा कमी ल्याउनु, महिला र बालबालिकामैत्री सेवा विस्तार गर्नु, निरोगी सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु जस्ता कार्यहरु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## परिच्छेद-२

३. मापदण्ड कार्यान्वयनः

१. सुत्केरी स्याहार प्रोत्साहन पोषण कार्यक्रम आर्थिक वर्ष २०७९ को श्रावण १ गते देखि लागु हुनेछ ।

२. सुत्केरी स्याहार प्रोत्साहन भत्ता कार्यक्रम हल्दीबारी गाउँपालिकाको १ देखि ५ वडामा एकै साथ लागु हुनेछ ।

३. प्रोटोकल अनुसारः

- स्वास्थ्य संस्थामा ८ पटक गर्भवती जाचँ गरेको
- स्वास्थ्य संस्थामा प्रसूती गराएको
- उत्तर प्रसूती ३ पटक सम्म गराएको

} रु २,०००।– का दरले

हल्दीबारी राजपत्र

- ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराएको प्रमाणहरु पेश गर्नुपर्ने छ ।
- २४ महिनासम्म प्रत्येक महिना बच्चाको बृद्धि अनुगमन तथा पूर्ण खोप पूरा गरेमा थप रु १,०००।- दरले प्रोत्साहन दिईनेछ।

नोटः आ.व. २०७९।०८० को कार्यविधि भन्दा अघिल्लो तोकिएलो कार्यविधि अनुरुप प्रोटोकल पूरा गरेमा प्रोटोकल पुरा गरेको मानिन्छ ।

४. निजामती या सरकारी सेवा सुविधा लिने कर्मचारी, शिक्षकहरुको सवालमा सरकारले नै विशेष भत्ता वा सेवा सुविधाको व्यवस्था गरेको हुनाले दोहोरो सुविधा लिन नपाइने नियमानुसार यो सुविधा प्राप्त गर्न सकिने छैन ।

**४. प्रोत्साहन उपलब्ध गराउने प्रकृयाः**

क) मापदण्ड पुरा गरेका प्रसुति भएका महिलाहरुले प्रसुति भएको ६० दिन भित्रमा आवश्यक कागजातहरुः (प्रोटोकल अनुसार गर्भवती जाँच पुरा गरेको प्रमाणित कार्ड, प्रसुति भएको प्रमाणपत्र, नियमानुसार खोप लगाएको कार्ड, ३५ दिन भित्र जन्म दर्ता गरेको जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि) सहित अनुसूची १ भरी सम्बन्धित वडाको स्वास्थ्य संस्थामा निवेदन पेश गर्नु पर्नेछ ।

ख) स्वास्थ्य संस्थाबाट मासिक रुपमा स्वास्थ्य शाखामा आवश्यक कागजातहरु सिफारिस सहित पेश गर्नुपर्नेछ ।

ग) मापदण्ड पुरा भई पेश भएका कागजातहरुको आधारमा पालिका स्तरीय कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठकबाट अनुमोदन गरी आर्थिक प्रशासन शाखा मार्फत सम्बन्धित महिलालाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

घ) प्रोत्साहन पाएका व्यक्तिहरुको नामावली र अभिलेख सुरक्षित राखी २/२ महिनामा सूचना प्रकाशित गर्नुपर्नेछ ।

ङ) माथीका मापदण्ड पुरा गरी २४ महिना भित्रका बच्चाहरुले नियमित वृद्धि अनुगमन जाँच गरी सोको प्रमाणित कागजात सोही प्रकृयाले पेश गरेमा रु १०००। एक हजार प्रसुति भएको आमालाई थप प्रोत्साहन उपलब्ध गराइनेछ ।

**५. कार्यक्रम अनुगमन समितिः**

यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिका स्तरीय एक सुरक्षित प्रसुति प्रोत्साहन कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग. गाउँ कार्यपालिकाले तोकेको दलित महिला सदस्य एक जना | सदस्य |
| घ. महिला बालबालिका शाखा प्रमुख | सदस्य |
| ङ. स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

६. **प्रतिवेदन गर्नेः** समितिले फर्छ्यौट गरेको कामको चौमासिक प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ । सो उपर कार्यपालिकामा छलफल भई कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

७. **विविधः** यस मापदण्डमा थप प्रष्ट पार्नुपर्ने अवस्थामा कार्यपालिकाको बैठकले गरे अनुसार हुनेछ ।

हल्दीबारी राजपत्र

अनुसूची-१

## सुरक्षित प्रसुति प्रोत्साहन आवेदन फारम

मितिः

श्री स्वास्थ्य संस्था प्रमुखज्यू,

......................................

विषयः सुरक्षित प्रसुति प्रोत्साहन सम्बन्धमा ।

हल्दीबारी गाउँपालिकाले सञ्चालन गरेको सुरक्षित प्रसुति प्रोत्साहन प्राप्त गर्नका लागि आवश्यक कागजात सहित यो आवेदन पेश गरेको छु । मैले पेश गरेको सबै विवरण सही सत्य छन झुट्टा ठहर्न गएमा प्रचलित कानून बमोजिम सहँला बुझाउँला ।

| आवेदकको (प्रसुति भएको महिला) | |
|---|---|
| नाम थर | |
| उमेर | |
| स्थायी ठेगाना | |
| टोल | |
| वडा नं. | |
| सम्पर्क नं. | |
| श्रीमानको नाम थर | |
| प्रसुति भएको मिति | |
| प्रसुति भएको स्थान | |
| प्रसुतिको पटक | |
| नवजात शिशुको अवस्था | |
| प्रसुतिको किसिम | |
| नियमित स्वास्थ्य परिक्षण गराएको स्थानहरु | |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. स्थानीय ठेगाना खुल्ने कागजात(नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
३. प्रोटोकल अनुसार गर्भवती जाँच पुरा गरेको प्रमाणित कार्ड, प्रसुति भएको प्रमाणपत्र,
४. नियमानुसार खोप लगाएको कार्ड, ३५ दिन भित्र जन्म दर्ता गरेको जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि,
५. २४ महिना भित्रका बच्चाहरुले नियमित वृद्धि अनुगमन जाँच गरी सोको प्रमाणित कागजात ।

निवेदकको सहिछाप

................................................... कार्यालय प्रयोजन...................................................................................

सिफारिस गर्ने नर्सिङ्ग कर्मचारीको नाम थर, पद र हस्ताक्षरः

प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुख

आज्ञाले,
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र